रोल्पा नगरपालिका

Rolpa Municipality

# नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

लिबाङ,रोल्पा

Libang, Rolpa लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province , Nepal

प/.सं.FY :-२०७९/०८०

मिति/Date :-२०७९/०४/०५

च/.नं.Ref.NO : ९२

**विषय:-सामाजिक सुरक्षा तथा परिचयपत्र नविकरण तथा लाभग्राही सूचीकरण सम्वन्धमा ।**

श्री वडा कार्यालय सबै,
रोल्पा नगरपालिका,रोल्पा ।

उपर्युक्त सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभागको पत्रानुसार सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा प.सं.२०७९/०८०,च.न.९ र मिति २०७९/०४/०१ को प्राप्त पत्रानुसार सम्पूर्ण वडाहरुमा विभागको पत्रानुसार सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा लाभग्राही सूचीकरण सम्वन्धमा कार्यान्वियन गर्नु गराउनु हुन अनुरोध छ । साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण नविकरण गर्दा भाद्र मसान्त भित्र अर्थात चालू आ.व.को पहिलो त्रैमासिकको फर्वाड फिड (लाभग्राही सूची) तयार गरी सम्वन्धित बैंकमा पठाउनु अगावै परिचयपत्र नविकरण गरिसक्नुपर्नेछ । सामाजिक सुरक्षा भत्ता प्रणालीमा नविकरण गर्दा व्यक्तिगत निवेदन नलिई सबै लाभग्राहीको नविकरण गरिदै आएकोले बैंकमा खाता खोल्दा दोहोरो पर्ने, व्यक्तिगत विवरणमा फरक पर्ने र व्यक्ति उपस्थित नभएर व्यक्तिगत खातामा पैसा जम्मा भइरहने जस्ता कार्यहरु भइरहेकोले आ.व.२०७९/०८० को लागि नविकरण गर्दा व्यक्तिगत निवेदन लिएर दर्ता गरी सामाजिक सुरक्षा प्रणालीमा व्यक्तिगत विवरण रुजु गरी नविकरण गर्नुहुन अनुरोध छ ।

नेपाल सरकारको आ.व.०७९/०८० को बजेट वक्तव्यमा ६८ वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोहि बमोजिम हुने गरी त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचीकरण प्रक्रिया अगाडि बढाउनु हुन अनुरोध छ । साथै पूरानो विवरण अपूर्ण भएको हुँदा अनिवार्य नागरिकता प्रमाणपत्र,विधवाको हकमा मृत्यूदर्ता प्रमाण-पत्र र बालबालिकाको हकमा जन्मदर्ता प्रमाण-पत्र सहित संरक्षकको नागरिकता प्रमाण-पत्रको सक्कलै हेरी परिचयपत्र नविकरण तथा नयाँ लाभग्राही सूचीकरण गर्नु गराउनु हुन अनुरोध छ ।

..........................
खिमा पुन
सामाजिक सुरक्षा तथा पन्जीकरण शाखा

सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा प्रमुख

..........................
टंक बहादुर गिरी
निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
**श्री राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभाग,**

Toll Free No. +977-166-086-44555 ☎Ph. +977-086-440071, ☎ Ph. +977-086440372
http:-rolpamun.gov.np, E-mail- rolpanagarpalika@gmail.com

CamScanner